२०८२ वैशाख ३० गते, मंगलबार

## ११७ औ कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं १ :**

११६ औं कार्यापालिका वैठकका निर्णयहरु माथि छलफल गरी यसको प्रभावकारी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं २ :**

चालु आर्थिक वर्ष ०८१/०८२ को स्वीकृत वार्षिक सशर्त कार्यक्रम अन्तर्गत आधारभूत तथा आकस्मिक सेवाका लागि औषधि खरिद शीर्षकमा विनियोजित रु. १६,३९,०००।- (अक्षरुपी सोह्र लाख उनान्चालिस हजार ) मध्येबाट, यसअघि बोलपत्र मार्फत रु. १०,२९,२८१। र रु. ३,०८,४४९।- को औषधि खरिद भइसकेमा स्वास्थ्य संस्थाको माग र आगामी आर्थिक वर्षको खरिद प्रक्रिया मार्फत औषधी खरिद नभएसम्मको लागि आवश्यक पर्ने निशुल्क औषधी खरिद गरी स्टक राख्नपर्ने भएकोले यसै आर्थिक वर्षको बाँकी रकमबाट समेत औषधी खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

नगरपालिका अन्तर्गतका वडा कार्यालयहरुमा दर्ता भएका वेरोजगार व्यक्तिको विवरण EMIS प्रणालीमा प्रविष्ट गरी तपसिल बमोजिमका सूचिकृत वेरोजगार व्यक्तिहरुको वडा अनुसारको विवरण /संख्या कार्यपालिकाबाट अनुमोदन गर्ने निर्णय।

**तपसिल :**

| क स | वडा न | वेरोजगार सूचिकृत व्यक्तिहरुको संख्या |
|---|---|---|
| १ | २ | ३७ |
| २ | ३ | ५८ |
| ३ | ४ | ८० |
| ४ | ५ | ५७ |
| ५ | ६ | ३९ |
| ६ | ७ | ८४ |

| क स | वडा न | वेरोजगार सूचिकृत व्यक्तिहरुको संख्या |
|---|---|---|
| ७ | ८ | ९९ |
| ८ | ९ | २५९ |
| ९ | १२ | १०९ |
| १० | १३ | ३०३ |
| ११ | १४ | ४५ |
| जम्मा | जम्मा | ११७० |

**निर्णय नं. ४ :**

यस नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को स्वीकृत कार्यक्रम अनुसार निर्माण कार्य अगाडी बढाईएको " Ward No 1,3,14 bhitra sadakharuko patching tatha marmat kaarya, Contract ID: 08/PM/NCB/WORKS/081/82 " को निर्माण कार्यमा थप भइ सुरु सम्झौता रकम रु ४५,३०,३४३.५१ मा रकम रु १२,६३,७२९.४३ थप हुन आएको भेरियसन लाई स्वीकृत गर्ने निर्णय गरियो ।

..........................
धर्मराज लुइँटेल (?)
प्रमुख प्रशासकीय अधिकृत

..........................
तुलसीराम रेग्मी
नगर प्रमुख

२०८२ वैशाख ३० गते, मंगलबार

निर्णय नं ५ :

यस नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार निर्माण कार्य अगाडी बढाईएको" fohor maila kendra jane pahuch marga nirman, Contact ID: 05/PM/NCB/WORKS/081/82 " को निर्माणकर्ता गौरव विल्डर्सले निर्माणजन्य सामाग्रीको अभावका कारण तोकिएको मिति भित्र निर्माण कार्य सम्पन्न गर्न असमर्थ भएको भनि निवेदन दिएकोले उक्त निर्माण कार्य मिति २०८२/०३/१५ सम्म सम्पन्न गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं ६ :

यस नगरपालिकाबाट अगाडी बढाईएको आँधिखोला कोरीडोर अन्तर्गत पुतलीबजार -लम्की-भिरकोट-वालिङ नगरपालिकाको आँधी मुहान सम्मको २०.५०३ किलोमिटर सडक स्तरोन्नति गर्ने कार्य अगाडी बढाउन Greenherald Environmental and Engineering Consultancy Pvt. Ltd बाट पेश भएको प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची मिति २०८२/०१/०३ गते कार्यपालिकाबाट अनुमोदन गराउने गरी नगर प्रमुखबाट भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ७ :

नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय बैदेशिक रोजगार वोर्डको सचिवालय बबरमहल, काठमाडौंको मिति २०८१।१२।३१ गतेको पत्रानुसार आगामी आर्थिक वर्षमा २०८२।०८३ मा तपसिल बमोजिमका तालिम कार्यक्रमहरु संचालन गर्ने गरी बैदेशिक रोजगार वोर्डको सचिवालयमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

तपसिलः

| क्रम संख्या | तालिमका विषय | सहभागी संख्या | कैफियत |
|---|---|---|---|
| १ | मोबाइल मर्मत सम्बन्धी | ३५ | |
| २ | प्लम्बर सम्बन्धी | ३५ | |
| ३ | ईलेक्ट्रिसयन सम्बन्धी | ३५ | |
| ४ | फोटोग्राफी | ३५ | |
| ५ | बेकरी तालिम | ३५ | |

..................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

..................
तुलसीराम रेग्मी
नगर प्रमुख

२०८२ वैशाख ३० गते, मंगलबार

**निर्णय नं ८ :**

वडा कार्यालयहरुको सिफारिश समेतको अधारममा देहाय बमोजिमका योजनाहरुको नाम संशोधन गरी कार्य सम्पन्न भइसकेका योजनाहरुको हकमा भुक्तानी दिने र वडा नं ३ को चम्फापानी हमालडाडा लिफ्टिङ् खानेपानी योजनाका लागि रु ५०००००० विनियोजन भएकोमा विनियोजित रकमबाट उक्त आयोजना सम्पन्न हुन नसक्ने भनि वडा कार्यालयबाट सिफारिस सहित उक्त विनियोजित रकमबाट देहाय बमोजिमका योजनामा देहाय बमोजिमको रकम बाडफाड गरी कार्य गरी भुक्तानी दिने र यसलाई आगामी नगरसभाबाट अनुमोदन गराउने निर्णय गरियो ।

| क्रम संख्या | नगर सभाबाट स्वीकृत भएको नाम | संशोधन गरी कायम गर्नुपर्ने | वडा नम्बर | कैफियत |
|---|---|---|---|---|
| १ | खोरियादेखी चन्द्र कान्त घर जाने ग्रा.स | खोरियादेखी चन्द्र कान्त घर जाने गोरेटो बाटो | १० | |
| २ | डाँडा घर खानेपानी ट्यांकी निर्माण | डाँडा घर खानेपानी ट्यांकी तथा गोरेटो बाटो निर्माण | ३ | |
| ३ | चम्फापानी हमालडाडा लिफ्टिङ् खानेपानी योजना (रु ५०००००) | ढडुवा लिफ्टिङ् खानेपानी रु २००००० | ३ | |
| | | शिव मन्दिर हमालडाडा रु १००००० | ३ | |
| | | चकमके खोला मगर समाज रु १००००० | ३ | |
| | | वैडी खेत नहर कुलो रु १००००० | ३ | |
| ४ | सुनार गाउँ पधेरा (रु १०००००) | पानिस्वारा खान्पानी ट्यांकी निर्माण रु १००००० | ३ | |

**निर्णय नं ९ :**

उच्च अदालत पोखरामा ढुङ्गा गिट्टी बालुवा सम्बन्धी दायर भएको रिट नं ०८०-W0-०१७८ को मुद्दाको विषयमा वहस गर्नुभएका महेन्द्रमान व्यथितको पारिश्रमिक भुक्तानी सम्बन्धमा यस नगरपालिकाका नगर प्रमुख र जिल्ला समन्वय समिति स्याङ्गजाका समन्वय प्रमुख श्री प्रसाद जिटी विच भएको सम्झौता बमोजिम निवेदकको माग अनुसारको रकम रु ७५,०००/- भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं १० :**

यस नगरपालिकाको वडा नं. १३ स्थित तल्लो बिसौना टोलमा रहेका करिब ४० घरधुरीलाई खानेपानीको सहज आपूर्तिका लागि वडा कार्यालयको मिति २०८१-०१-११ को सिफारिस तथा श्री ख्याम बहादुर खत्रीको निवेदन समेतका आधारमा, उल्लेखित स्थानका घरधुरीहरुलाई खानेपानीको पाइप उपलब्ध गराउन आवश्यक भएकोले माग भए बमोजिम ३२ एम एम को १५०० मिटर खानेपानी पाइप खरिद गरी उपलब्ध गराउने निर्णय गरियो।

..............................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

..............................
तुलसीराम रेग्मी
नगर प्रमुख

२०८२ वैशाख ३० गते, मंगलबार

निर्णय नं ११ :

यस नगरपालिकाको वडा नं. ७ निवासी श्री खिमबहादुर खत्रीको घर आगलागी भई पूर्ण क्षति भएकोमा वडा कार्यालयको सिफारिस तथा पीडितको निवेदन समेतका आधारमा नगरपालिकाको विपद् व्यवस्थापन शिर्षकबाट खर्च लेख्ने गरी रु १,००,०००/-आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं १२ :

यस नगरपालिकाको वडा नं. ६ को सिफारिस तथा प्राविधिकले तयार पारेको लागत अनुमान बमोजिम दादुरे लिफ्टिङ्ग खानेपानी योजनाको मर्मत गर्न खानेपानी मर्मत खर्च शिर्षक नं. ३११५६ शिर्षकबाट खर्च लेख्ने गरी रु १,००,०००/- उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं १३ :

नगरपालिकाद्वारा सञ्चालित पुतलीबजार नगरपालिका वडा नं १४ स्थित चण्डीकालिका स्वास्थ्य चौकीमा रहेको एम्बुलेन्सको सञ्चालन तथा व्यवस्थापनका लागि चण्डीकालिका स्वास्थ्य चौकी एम्बुलेन्स संचालक समितिको खातामा रु १,००,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं १४ :

पुतलीबजार नगरपालिका वडा नं. १४ स्थित चण्डीकालिका मन्दिरमा सम्पन्न चैते दशैं तथा रामनवमी पूजा व्यवस्थापनका लागि भएको खर्च रकम रु. ६०,०७५/- (अक्षरुपी साठी हजार पचहत्तर रुपैयाँ मात्र) भुक्तानी गर्न र सोही मन्दिरमा मिति २०८२/०१/२९ गते भएको पञ्चबली पूजामा लागेको खर्च रु ४४,०००/- उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं १५ :

यस नगरपालिकाबाट श्री कोइराला निर्माण सेवालाई नियामानुसार राजस्व दाखिला गराई ३५० घन मिटर ढुंगा, गिटी, बालुवा उत्खनन गर्न अनुमति दिईएकोमा स्थानीय व्यक्तिहरुको विरोधका कारण उत्खनन गर्न नपाएकोले राजस्व फिर्ता गरि पाउ भनि मिति २०८२/०१/२८ गते उक्त फर्मबाट निवेदन प्राप्त भएको हुँदा प्राविधिक प्रतिवेदनको आधारमा निजले ४६ घन मिटंर उत्खनन गरेकोले बाँकी रहेको ३०५ घनमिटर बराबरको रकम रु १०९०७५.२ /- फिर्ता गर्ने निर्णय गरियो ।

निर्णय नं १६ :

मिति २०८२/०१/०४ गतेको नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजनाको चलानी नम्बर २८३ को पत्रानुसार यस नगरपालिकाबाट मिति २०८२/०१/११ गते प्रगतिनगर-बहाकोट-नाम्चे-काल्खु सडकको थप १.५ किलोमिटर

.............................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

.............................
तुलसीराम रेग्मी
नगर प्रमुख

२०८२ वैशाख ३० गते, मंगलबार

सडक निर्माणका लागी योजना पठाइएकोमा सो सडक खण्डको चेनएज ७+६०० देखि १३+१३० सम्मको सडक खण्डको संक्षिप्त वातावरणीय अध्ययन र वडा नम्बर ११ को सिफारिस तथा नगर प्रमुख ज्यूको आदेश अनुसार मायाटारी पोखरीचौर बेलबास सडक र लामिछाने मोड धिम्रिगाउँ पेल्काचौर सडक (कुल ५.५ किलोमिटर)को विस्तृत परियोजना प्रतिवेदन निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं १७ :**

यस नगरपालिकाको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको मिति २०८२/०१/०७ गते भएको वैठकको निर्णयहरुलाई स्वीकृत गर्ने निर्णय गरियो ।

........................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

........................
तुलसीराम रेग्मी
नगर प्रमुख